# धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जुगेडी धादिङ
बागमती प्रदेश, नेपाल


प.सं. ०८१/०८२
च.नं.

मितिः- २०८१/१०/०७

### सुचना ! सुचना !! सुचना !!!

**वैदेशिक रोजगारीमा जानेहरुका लागि धुनिवेशी नगरपालिका रोजगार सेवा केन्द्रको अत्यन्तै जरुरी सुचना !**

वैदेशिक रोजगारीमा जानुपूर्व अनिवार्य रूपमा नियमानुसार श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जानुहुन साथै घरेलु कामदार वा अन्य माध्यमबाट बिना श्रम वैदेशिक रोजगारीमा जादाँ विभिन्न किसिमका जोखिम उत्पन्न हुने तथा समस्या परेमा उद्धारका लागि कठिनाई आइपर्ने देखिएकोले सिप तालिम सहित अनिवार्य श्रम गरेर मात्र सुरक्षित वैदेशिक रोजगारीमा जानहुन यो सूचना प्रकाशन गरिन्छ । विदेश जादाँ आफ्नो कागजपत्रहरु १/१ प्रति घर परिवारका सदस्यलाई अनिवार्य उपलब्ध गराउनुहुन तथा श्रम स्वीकृती लिएको जानकारी लिन **PP पार्सवर्ड नं.टाइप गरि ३४००१ मा** SMS पठाएर समेत प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**<u>श्रम स्वीकृती लिई वैदेशक रोजगारीमा जानुका फाइदाहरू</u>**

वैदेशिक रोजगार वोर्डको सचिवालयबाट उपलब्ध हुने राहत, उद्धार तथा कल्याणकारी सेवाहरु प्राप्त गर्न जस्तै

१) विदेशमा कामदार अलपत्र परेमा उद्धार प्राप्त गर्न

२) विदेशमा कामदाको मृत्यु भएमा शव नेपाल सिकाउन

३) अन्तराष्ट्रिय विमानस्थलबाट मृतकको आफन्तले इच्छाएको सडक पूर्वाधार पुगेको स्थलसम्म निशुल्क शव ढुवानी गर्न

४) अंगभंग, मृत्यु वा गम्भिर विरामी भएमा कामदारलाई तोकिए बमोजिम आर्थिक सहायता प्रदान गर्न

५) कामदारको परिवार गम्भीर विरामी **(मुटुरोग, किड्नी डायलाइसिस, अल्जाइमर, क्यान्सर र स्पाइनल इन्ज्यूरी)** आदिमा तोकिए वमोजिम उपचार सहयोग प्राप्त गर्न

६) वैदेशिक रोजगारीको क्रममा मृत्यु , अंगभंग, वा पूर्ण अशक्त भएका कामदारका सन्ततीलाई **नर्सरी देखी १२** कक्षा, **१८ वर्ष** नपुग्दासम्म सामुदायिक वा संस्थागत विद्यालयमा अन्ययनरत विद्यार्थीलाई वार्षिक रुपमा छात्रवृति प्राप्त गर्न

७) वैदेशिक रोजगारीमा गएका कामदारको लागि कानूनी परामर्श तथा प्रतिरक्षा सेवा प्राप्त गर्न

८) स्वदेश फर्किएका कामदारलाई पुनः एकीकण तथा पुर्नस्थापना कार्यक्रम एवंम विभिन्न रोजगार मुलक सिपमूलक तालिम प्राप्त गर्न

**नोट : श्रमको online form भर्न रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ । श्रम सम्बन्धी कुनै जिज्ञासा भएमा ११४१ (श्रमाधान कल सेन्टर) मा कल गरेर जानकारी प्राप्त गर्न सकिनेछ साथै नेपाल फर्केको १ वर्ष भित्र कुनै दुर्घटनामा परेमा आर्थिक सहायताको लागि आवेदन समेत दिन सकिनेछ ।**

रोजगार संयोजक
अधिकृत